कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकार : कार्यविधि
दर्ता नं: ४२
दर्ता मिति: २०८२।१०।२०

अनुसूची (क)

# साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि २०८२

प्रस्तावना:

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ (पहिलो संशोधन, २०७९) को दफा ९(ग) र १३ (१) मा भएको व्यवस्था बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३७ (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल इन्जिनियरिङ्ग परिषद्ले देहायको साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि २०८२ बनाएको छ।

## परिच्छेद—१

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नेपाल इन्जिनियरिङ्ग परिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२) परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(१) "ऐन" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ सम्झनु पर्छ।

(२) "नियमावली" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ सम्झनु पर्छ।

(३) "कार्यविधि" भन्नाले साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि २०८२ सम्झनु पर्छ।

(४) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ।

(५) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(६) "रजिष्ट्रार" भन्नाले परिषद्को रजिष्ट्रार सम्झनु पर्छ।

(७) "इन्जिनियर" भन्नाले परिषदबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(८) "इन्जिनियरिङ्ग व्यवसाय" भन्नाले ऐनमा उल्लेखित विषयमा प्राविधिक ज्ञान तथा दक्षता हाँसिल गरेका इन्जिनियरहरूले अपनाउने व्यवसाय सम्झनु पर्छ।

(९) "दर्ता किताव" भन्नाले ऐनको दफा १५ बमोजिमको दर्ता किताब सम्झनु पर्छ।

(१०) "दर्तावाला इन्जिनियर" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको इन्जिनियर सम्झनु पर्छ।

(११) "समिति" भन्नाले ऐनको दफा १४ को उपदफा (१) अन्तर्गत गठित परीक्षा समितिलाई सम्झनुपर्दछ।

(१२) "परीक्षा" भन्नाले ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम परिषदमा नाम दर्ताको लागि लिइने इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सम्झनु पर्छ।

(१३) "संयोजक" भन्नाले ऐनको दफा १४ को उपदफा (१) अन्रतगत गठित समितिको संयोजक सम्झनु पर्छ।

(१४) "सदस्य-सचिव" भन्नाले ऐनको दफा १४ को उपदफा (१) बमोजिम गठित समितिको सदस्य-सचिवलाई सम्झनु पर्छ।

(१५) "सदस्य" भन्नाले ऐनको दफा १४ को उपदफा (१) बमोजिम गठित समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले संयोजक र सदस्य-सचिव समेतलाई जनाउँछ।

३) कार्यविधिको ब्याख्याः

१) अख्तियारवालाले यस कार्यविधिको प्रयोग गर्दा गरेको ब्याख्याबाट कुनै संस्था वा व्यक्ति विशेषलाई मर्का परेमा त्यस्तो मर्का पर्ने संस्था वा ब्यक्ति विशेषले अध्यक्ष समक्ष निवेदन दिन सक्नेछन्।

२) दफा ३ को उपदफा (१) बमोजिम पर्न आएको निवेदनको सम्वन्धमा परिषद्ले गरेको व्याख्या अन्तिम हुनेछ।

## परिच्छेद—२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३) समितिको गठन ऐनको दफा १४ (१) बमोजिम परिषदले गर्ने छ।

४) समितिको काम, कर्तव्य र अधिकारः

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) परीक्षा संचालन प्रणाली तयार गरि स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

ख) प्रश्न वा प्रश्न पत्र तयार वा परिमार्जनको लागि विषय विज्ञहरुको सूची (Roster) तयार गर्ने,

ग) परीक्षा संचालनका लागि आवश्यकता अनुसार प्रश्नहरुको संकलन र परिमार्जन गरि प्रश्न बैक (Question Bank) तयार गर्ने र सो को सुरक्षित भण्डारण गर्ने,

घ) प्रकरण (ख) बमोजिमको प्रश्नहरु स्वीकृत पाठ्यक्रम अनुसारको भए नभएको एकिन गर्ने,

ङ) परीक्षा संचालन गर्नका लागि प्रश्नपत्रको छनौट र रुजु गर्ने,

च) परीक्षा प्रणाली अनुसार परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

छ) परीक्षा प्रकाशन गर्ने र दर्ता गर्न परिषद्‌मा सिफारिस गर्ने,

ज) परीक्षामा आचार संहिता विपरित काम गर्ने परीक्षार्थीलाई निजको कसुरको प्रकृति हेरी तत्काल निष्काशन गर्ने र परीक्षा रद्द गर्ने वा आगामी परीक्षामा एक देखि तिन पटक सम्म सामेल हुनबाट बन्चित गर्ने गरि कारवाहीको लागि परिषद समक्ष सिफारिस गर्ने।

५) समितिको बैठक र निर्णय:

(१) समितिले प्रत्येक परीक्षा संचालन गर्नु भन्दा अगावै उक्त परीक्षा संचालन सम्बन्धी कार्यसूची परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी संदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्ने छ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र बराबर मत भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठकमा उपस्थित भएका सदस्यहरु तथा आमन्त्रित विशेषज्ञहरुको बैठक भत्ता परिषद्ले तोके बमोजिम हुनेछ।

## परिच्छेद—३

## प्रश्न बैंक तथा प्रश्नपत्र तयारी सम्बन्धी व्यवस्था

६) समितिले परीक्षा संचालनका लागि सबै विषयमा आवश्यक पर्ने प्रश्न बैंक स्थापना गर्नेछ।

७) विषय विज्ञहरुको सुचीमा भएका विज्ञहरुबाट प्रश्न वा प्रश्न-पत्र तयार वा परिमार्जन गराइनेछ।

८) परीक्षा संचालनको लागि हरेक विषयको प्रश्न पत्र अनुसूची (१) बमोजिम तयार गर्नु पर्नेछ।

९) प्रत्येक प्रश्नमा ४ (चार) बहु विकल्प मध्ये एक सही उत्तर भएको वस्तुगत प्रश्न प्रयोग गरिनेछ।

१०) प्रश्न वा प्रश्नपत्र तयार गर्ने विज्ञलाई आवश्यक जानकारी/निर्देशन दिईनेछ।

११) हरेक विषयको प्रश्न वा प्रश्नपत्र तयार गर्दा सम्बन्धित पाठ्यक्रमको Chapter र Sub-Chapter को Code बमोजिम तयार गर्नु पर्नेछ।

१२) एउटा विज्ञबाट प्राप्त प्रश्न वा प्रश्नपत्र अर्को विज्ञबाट परिमार्जन (Moderation) गरे पछि मात्र प्रश्नबैंकमा सामेल गर्नु पर्नेछ।

१३) प्रश्नपत्र वा प्रश्नबैंकको गोपनियताको लागि संयोजक र संयोजकले तोकेको एकजना सदस्यले प्रयोग गर्ने गरि Password को व्यवस्था मिलाउनु पर्नेछ।

१४) प्रश्नपत्र तयार वा परिमार्जन गर्ने विज्ञहरुको योग्यता निम्न बमोजिमको हुनु पर्नेछः-

क) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

ख) प्रश्नपत्र तयार गर्ने विज्ञको प्राज्ञिक वा व्यावसायिक अनुभव कम्तिमा पाँच बर्षको हुनुपर्ने,

ग) प्रश्नपत्र परिमार्जन गर्ने विज्ञको प्राज्ञिक वा **व्यावसायिक** अनुभव कम्तिमा दश बर्षको हुनुपर्ने।

घ) कुनै विषयमा माथि उल्लेख भएका योग्यता अनुसारको विज्ञ उपलब्ध नभएको अवस्थामा समितिले आवश्यक निर्णय गरि व्यवस्था गर्नेछ।

१५) दफा (१३) बमोजिमका तोकिएका सदस्यहरुले परीक्षाको प्रश्नपत्र **सम्यबन्धित बिषय तथा** अनुसूची (१) बमोजिम भए नभएको रुजु गरि परीक्षा संचालन गरिनेछ।

## परिच्छेद—४

## परीक्षा संचालनको सूचना प्रकाशन र संचालन

१६) समितिले परीक्षा संचालनको सूचना परिषद् बाट स्वीकृत वार्षिक तालिका अनुसार उपयुक्त समयमा प्रकाशन गर्नेछ।

१७) पूर्व प्रकाशित वार्षिक परीक्षा तालिका अनुसार परीक्षा संचालन गर्न असहज परिस्थिति भएमा समितिले सामान्य फेरबदल गर्न सक्नेछ।

१८) परीक्षा को सूचना प्रकाशन गर्दा निम्न समयसीमा तोकेर गर्नु पर्नेछः

क) आवेदन पेश गर्ने समय सिमा २१ दिन,

ख) दोब्बर दस्तूर तिरेर आवेदन पेश गर्ने समय सिमा ७ दिन,

ग) परीक्षा शुरु मिति

१९) रजिस्ट्रारले छानबिन गरि समितिमा पेश गरेका दरखास्तहरु समितिले विषयगत रुपमा परीक्षा संचालन गर्नका लागि व्यवस्था गर्ने,

२०) परीक्षार्थीहरुको प्रवेश-पत्रको नमुना अनुसूची (३) बमोजिमको तयार गरि दरखास्तवालालाई जारी गर्ने।

२१) परीक्षार्थीले पालना गर्नु पर्ने आचार संहिता अनुसूची (३) को प्रवेश-पत्रमा उल्लेख गरिए अनुसार हुनेछ ।

२२) समितिले परीक्षा संचालनका लागि उपयुक्त केन्द्र तोक्नेछ।

२३) परीक्षा संचालनको लागि आवश्यक पर्ने पर्यवेक्षक, निरीक्षक, सहयोगी कर्मचारी, सुरक्षाकर्मी, तथा अन्य जनशक्ति समितिले नियुक्त गर्नेछ।

२४) परिषद्का सदस्यहरुलाई पर्यवेक्षकको रुपमा समितिले तोक्न सक्नेछ।

२५) अन्य व्यक्तिहरुलाइ आवश्यक ठानेमा समितिले विशेष पर्यवेक्षको रुपमा आमन्त्रित गर्न सक्नेछ।

२६) परीक्षा संचलानमा संलग्न सम्पूर्ण व्यक्ति तथा पदाधिकारीको जिम्मेवारी यस कार्यविधिमा उल्लेख भए बमोजिम हुने छ।

२७) परीक्षा मा संलग्न हुने पर्यवेक्षक, निरीक्षक, परिषद्का सदस्य वा अन्य कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता निम्न अनुसारको हुने छः

क) समितिले उपलब्ध गराएको परिचय-पत्र वा ब्याच लगाउनु पर्नेछ।

ख) मोबाइल फोनलाई स्विच अफ गरेको हुनुपर्ने छ ।

ग) परीक्षा कोठामा प्रवेश गर्दा वा परिसर भित्र ठुलो स्वरले कुराकानी गर्न पाईने छैन।

घ) परीक्षा केन्द्र भित्र फोटो खिच्न पाईने छैन।

२८) विशेष पर्यवेक्षकले परीक्षा कोठामा संलग्न निरीक्षक वा कर्मचारीसंग वार्तालाप गर्न पाइने छैन।

२९) विशेष पर्यवेक्षले परीक्षा कोठामा निरीक्षण गर्नु परेमा परिषद् वा समितिका सदस्यलाई साथ लिएर जानु पर्नेछ।

## परिच्छेद—५
## परीक्षाको नतिजा प्रकाशन सम्बन्धी

३०) परीक्षा समितिले प्रत्येक दिनको परीक्षा सम्बन्धी विवरण बैठक बसी निर्यण पुस्तिकामा उल्लेख गर्नुपर्नेछ।

३१) प्रत्येक दिनको परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीको नतिजा सोहि दिनमा प्रकाशन गरिनेछ।

३२) परीक्षाको अन्तिम दिनको नतिजा प्रकाशन भए पछि समितिले परिषद् समक्ष इन्जिनियरको नाम दर्ता गर्न सिफारिश गर्नेछ।

## परिच्छेद—६
## विविध

३३) अन्य व्यवस्था:

क) परिषद्ले यस कार्यविधिलाई समय सापेक्ष बनाउन संसोधन गर्न सक्नेछ।

ख) कम्प्युटर प्रविधिबाट परीक्षा सञ्चालन हुने भएकाले परीक्षा सञ्चालनको क्रममा अनाधिकृत रूपमा कार्य कसैबाट भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३४) कार्यविधिमा नसमेटिएका विषयहरूमा अन्तिम निर्णय गर्ने अधिकार परिषद् लाई रहनेछ।

३५) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा पर्न गएमा त्यसको व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार परिषद्लाई हुनेछ।

३६) खारेजी र बचाउः साधारण दर्तावाला इन्जिनियरिंग व्यवसायी दर्ता परीक्षा सञ्चालन कार्यविधि २०७९ खारेज गरिएको छ।

३७) यो कार्यविधि लागू हुनु पूर्व भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

**दफा ५ (८) बमोजिम प्रश्नपत्रको पूर्णाङ्क, अंकभार र परीक्षा समय सम्बन्धी**

प्रश्नपत्र तयार गर्दा हरेक विषयको

क) परीक्षा समयः २ घण्टा

ख) पूर्णाङ्कः १००

ग) उत्तीर्णाङ्कः ५०%

घ) १ अंकभार भएका जम्मा प्रश्न संख्याः १००

ङ) हरेक विषयका पाठ्यक्रममा १० वटा Chapter र प्रत्येक Chapter मा ६ वटा Sub-Chapter रहेकाछन् ।

च) प्रश्नपत्र तयार गर्दा प्रत्येक Sub-Chapter बाट १ अंकभार भएका कम्तिमा १ प्रश्नपत्र समावेश हुने गरि प्रत्येक Chapter बाट १० वटा प्रश्नहरु सोधिनेछ।

अनुसूची २

**दफा १० बमोजिम प्रश्नपत्र निर्माणकर्ता विज्ञको लागि निर्देशनः**

क) प्रश्नपत्र तयार गर्दा सम्बन्धित विषयको पाठ्यक्रमलाई पूर्ण रुपमा अध्ययन गर्नु पर्ने,

ख) प्रश्नपत्र पाठ्यक्रम भित्रको विषयवस्तु भएको एकिन गर्ने,

ग) प्रश्न वा प्रश्नपत्र अनुसूची (१) बमोजिम निर्माण गर्ने,

घ) वस्तुगत प्रश्न निर्माण गर्दा हरेक प्रश्नको चारवटा विकल्पमा एक मात्र सहि उत्तर हुनु पर्ने,

ङ) चारवटा विकल्पहरुमा Above all, None of the Above, Either or Neither Nor जस्ता विकल्प प्रयोग नगर्ने,

च) विज्ञले प्रश्नपत्र तयार गर्दा तोकिएको समयावधि भित्र तयार गरि परिषदमा बुझाउनु पर्नेछ,

छ) विज्ञले प्रश्नपत्र तयार गरि परिषदमा पेश गरिसके पछि गोपनियता कायम गर्न प्रश्नहरुको खेश्रा वा Digital File स्थायी रुपले नष्ट गरेको हुनुपर्ने,

अनुसूची ३

पवेश पत्रको नमुना

........................

नेपाल इन्जिनियरिङ्ग परिषद्

साधारण दर्तावाला इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा

प्रवेश पत्र

Exam Roll Number: ..........................................................

Program: ..........................................................

Full Name: ..........................................................

Date of Birth: ..........................................................

Father's Name: ..........................................................

Mother's Name: ..........................................................

District: ..........................................................

Citizenship No: ..........................................................

Exam Center: ..........................................................

Exam Date: ..........................................................

Shift: ..........................................................

Photo

..........................................................

| सदस्य सचिव<br>परीक्षा समिति | Candidate Signature | Right Thumb | Left Thumb |
|---|---|---|---|

परीक्षार्थीहरुलाई निर्देशन:

- परीक्षा सम्बन्धी सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीहरुको कर्तव्य हुनेछ।
- परीक्षार्थीले अनलाइनबाट प्रवेशपत्र डाउनलोड गरी रंगिन प्रिन्ट (Color print) गरी ल्याउनु पर्नेछ ।

- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक सक्कल परिचयपत्र जस्तै नागरिकता वा सवारी चालक प्रमाणपत्र वा सरकारी निकायबाट जारी गरिएको कुनै परिचयपत्र अनिवार्य साथमा ल्याउनुपर्नेछ।
- सक्कल परिचयपत्र साथमा नभएको अवस्थामा परीक्षार्थिलाई परीक्षा मा सामेल गराइएता पनि, तोकिएको समय भित्र सक्कल परिचय पत्र देखाउन असमर्थ भएको अवस्थामा निजको नतिजा रोक्का (Withheld) गरिने छ।
- परीक्षा हुने समय भन्दा कम्तीमा एक घण्टा अगावै परीक्षा केन्द्रको परिसरमा प्रवेश गर्नु पर्नेछ।
- परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परीक्षार्थीको परीक्षा शुल्क फिर्ता हुने छैन ।
- परीक्षा शुरु भएको पन्ध्र मिनेट भन्दा ढिलो आउने परीक्षार्थीलाई परीक्षामा सामेल हुन दिइने छैन।
- सूरक्षा जाँच र प्रवेशपत्र रुजु भएपछि परीक्षार्थी आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय २ घण्टाको हुनेछ ।
- परीक्षा हलमा मोवाइल फोन, प्रोगामेवल क्याल्कुलेटर, स्मार्ट घडी लगायत अन्य इलेक्ट्रोनिक सामानहरु साथमा ल्याउन पाइने छैन।
- साधारण वा Scientific क्याल्कुलेटर ल्याउन भने पाइने छ ।
- परीक्षाको दिन आवश्यक खेस्रा कागज (Paper), शिशाकलम (Pencil), Sharpener, Eraser लगाएत आवश्यक सरसामानहरू परीक्षाहलमा परिषद् बाट नै उपलब्ध गराइनेछ ।
- परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्ने लगायतका अवान्छित र अमर्यादित कार्य गर्न पाइने छैन ।
- माथि उल्लेखित निर्देशन विपरित कार्य गर्ने परीक्षार्थीलाई तोकिए बमोजिमको कानूनी कारबाही गरिनेछ ।